# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६५/६६ को पहिलो छ महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६५/६६ को पहिलो छ महिनासम्ममा विस्तृत मुद्राप्रदाय ११.० प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त मुद्राप्रदाय १०.३ प्रतिशतले बढेको थियो । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्ति अत्यधिक बढेकोले विस्तृत मुद्राप्रदायको वृद्धि उच्च रहन गएको हो ।

२. समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय ९.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष सो मुद्राप्रदाय ६.२ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा माग निक्षेपको विस्तार अघिल्लो वर्षको तुलनामा कम रहेपनि चलनचल्तीमा रहेको मुद्रा उच्च दरले बढेको कारण संकुचित मुद्राप्रदायको विस्तार उच्च रहेको हो । अघिल्लो वर्ष चलनचल्तीमा रहेको मुद्रा ५.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १२.७ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा विप्रेषण आप्रवाहको विस्तार उच्च रहेको, उक्त आप्रवाहको विस्तार देशको ग्रामीण क्षेत्रसम्म हुन गएको र उक्त क्षेत्रहरूमा यथेष्ट वित्तीय सेवाको कमीले गर्दा बैंक तथा वित्तीय संस्थामा आउन केही समय लाग्ने भएकाले चलनचल्तीमा रहेको मुद्रा बढ्न गएको हो ।

३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रू २८ अर्ब ५३ करोड (१६.६ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू १ अर्ब ९५ करोड (१.५ प्रतिशत) ले घटेको थियो । समीक्षा अवधिमा विप्रेषण एवं वैदेशिक सहयोग आप्रवाह बढेकोले खुद वैदेशिक सम्पत्ति बढेको हो ।

### कुल आन्तरिक कर्जा

४. आर्थिक वर्ष २०६५/६६ को पहिलो छ महिनासम्ममा आन्तरिक कर्जा ५.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा १०.२ प्रतिशतले बढेको थियो । उच्च साधन परिचालनको तुलनामा न्यून खर्चको कारण समीक्षा अवधिमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रू २२ अर्ब ५९ करोड नगद बचत कायम रहेकोले मौद्रिक क्षेत्रको नेपाल सरकारमाथिको खुद दावी १८.८ प्रतिशतले घटेको र निजी क्षेत्रतर्फको कर्जा विस्तार पनि अघिल्लो वर्षको तुलनामा कम रहेकोले कुल आन्तरिक कर्जा वृद्धिमा कमी आएको हो ।

५. समीक्षा अवधिमा वित्तीय संस्थाहरूमाथिको दावी कम दरले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा वित्तीय संस्थाहरूमाथिको दावी रू २ अर्ब ५० करोडले बढेकोमा समीक्षा अवधिमा रू २ अर्ब १५ करोडले मात्र बढेको छ। वाणिज्य बैंकहरूको विकास बैंक तथा वित्त कम्पनीतर्फको अल्पकालीन लगानी घटेकोले सो दावी कम रकमले बढेको हो ।

६. समीक्षा अवधिमा गैर-वित्तीय सरकारी संस्थाहरूमाथिको दावी ६.२ प्रतिशत अर्थात् रू ३४ करोड ९१ लाखले बढेको छ । अघिल्लो वर्ष उक्त दावी ४.७ प्रतिशत अर्थात रू २३ करोड ९८ लाखले बढेको थियो । समीक्षा अवधिमा जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल आयल निगम, नेपाल वायु सेवा निगम, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र नेपाल विद्युत प्राधिकरणले बैकिङ्ग क्षेत्रबाट थप कर्जा उपयोग गरेकोले उक्त संस्थाहरूमाथिको दावी समीक्षा अवधिमा बढेको हो ।

७. समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा प्रवाहको वृद्धिदर अघिल्लो वर्षको तुलनामा कम रहेको छ । अघिल्लो वर्ष उक्त

क्षेत्रतर्फको कर्जा प्रवाह १४.० प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ११.४ प्रतिशतले बढेको छ । निजी क्षेत्रतर्फको कर्जा प्रवाहमध्ये उत्पादन तथा निर्माण क्षेत्रतर्फको कर्जा विस्तारमा कमी आएकाले निजी क्षेत्रतर्फ प्रवाहित कर्जा न्यून दरले बढेको हो ।

**वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति**

८. आर्थिक वर्ष २०६५/६६ को पहिलो छ महिनासम्ममा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन रू ५४ अर्ब ३१ करोड (१२.९ प्रतिशत) ले बढी पुस मसान्तमा रू ४७५ अर्ब ८३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन रू ३७ अर्ब ९६ करोड (११.३ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा विप्रेषण आप्रवाहको वृद्धिदर उच्च रहेकोले कुल निक्षेप परिचालन बढेको हो । समीक्षा अवधिमा बचत निक्षेप १४.२ प्रतिशत र मुद्दती निक्षेप १२.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त निक्षेपहरूको विस्तार क्रमशः १०.२ प्रतिशत र १२.२ प्रतिशत रहेको थियो ।

९. समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जा प्रवाह रू ३८ अर्ब ७६ करोड (११.५ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा ४२ अर्ब ५६ करोड (१६.० प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा उत्पादन, थोक तथा खुद्रा व्यापार र निर्माण क्षेत्रतर्फको कर्जा प्रवाहमा कमी आएको छ । अघिल्लो वर्ष उत्पादन क्षेत्रतर्फको कर्जा (रू १० अर्ब ५८ करोड (१७.० प्रतिशत) ले विस्तार भएकोमा समीक्षा अवधिमा रू ५अर्ब ७१ करोड (७.१ प्रतिशत) ले विस्तार भएको छ । समीक्षा अवधिमा निजी क्षेत्रतर्फ कृषि क्षेत्र, घरजग्गा कारोवार, परिवहन साधन उपकरण उत्पादन तथा फिटिङ्गस र उपभोग क्षेत्रतर्फको कर्जामा भने विस्तार आएको छ । निक्षेप परिचालनको तुलनामा कर्जा प्रवाहको वृद्धिदर कम रहेकोले समीक्षा अवधिमा कर्जा-निक्षेप अनुपात २०६५ असार मसान्तको ८२.६ प्रतिशतबाट घटी पुस मसान्तमा ८१.९ प्रतिशतमा झरेको छ ।

१०. वाणिज्य बैंकहरूको तरल कोष अघिल्लो वर्ष ०.८ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा १४.९ प्रतिशतले बढेको छ । उच्च विप्रेषण आप्रवाहको स्थिति र निजी क्षेत्रतर्फको कर्जा विस्तारमा आएको केही कमीले गर्दा तरल कोषको विस्तार उच्च रहन गएको हो । तरल कोषका अंशहरूमध्ये वाणिज्य बैंकहरूको विदेशमा रहेको मौज्दात २९.३ प्रतिशतले बढी पुस मसान्तमा रू ५३ अर्ब १३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मौज्दात २.० प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैकहरुको नेपाल राष्ट्र बैंकसँग रहेको मौज्दात र नगद मौज्दात भने क्रमशः १.५ प्रतिशत र १२.१ प्रतिशतले घटेको छ ।

**तरलता व्यवस्थापन**

११. आर्थिक वर्ष २०६५/६६ को पहिलो छ महिनासम्ममा खुला बजार कारोवारमार्फत् रू २० अर्ब ७२ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ । उक्त प्रशोचित तरलतामध्ये रू ७ अर्ब ४६ करोड तरलता सोझै विक्री बोलकबोल र रू १३ अर्ब २६ करोड तरलता रिभर्स रिपो बोलकबोलमार्फत प्रशोचन भएको छ । अघिल्लो वर्षको यसै अवधिमा प्रशोचन भएको कुल रू ४ अर्ब ८१ करोड खुद तरलतामध्ये रू १ अर्ब २४ करोड सोझै बिक्री बोलकबोल र रू ५ अर्ब ५७ करोड रिभर्स रिपो बोलकबोलमार्फत प्रशोचन भएको थियो भने रिपो बोलकबोलबाट रू २ अर्बको तरलता प्रवाह गरिएको थियो । चालू वर्षको समीक्षा अवधिमा वाणिज्य बैंकहरूसँग यथेष्ट तरलताको स्थिति रहेकाले खुला बजार कारोवारका उपकरणहरूमार्फत् तरलता प्रवाह भने भएको छैन ।

१२. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ९६ करोड ३६ लाख खुद खरीद गरी रू ७३ अर्ब १९ करोड बराबरको खुद तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको यसै अवधिमा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ५५ करोड ८२ लाख खुद खरीद गरी रू ३५ अर्ब ६७ करोड बराबरको खुद तरलता प्रवाह भएको थियो । समीक्षा अवधिमा विप्रेषण आप्रवाहको वृद्धि उच्च रहेकोले विदेशी विनिमय बजारमाथिको खरीद हस्तक्षेप बढेको हो ।

१३. समीक्षा अवधिमा अमेरिकी डलर ७२ करोड बिक्री गरी भा.रू. ३३ अर्ब ८६ करोड खरीद भएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर ६६ करोड बिक्री गरी भा.रू. २६ अर्ब २७ करोड खरीद भएको थियो । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा नेपाल आयल निगमले भारतीय आयल निगमलाई उच्च परिमाणको भा.रु. भुक्तानी गरेको कारणले भारतीय मुद्रा खरीद गर्न अमेरिकी डलरको बिक्री बढेको हो ।

### स्थायी तरलता सुविधा र अन्तर बैंक कारोवार

१४. आर्थिक वर्ष २०६५/६६ को पहिलो छ महिनामा वाणिज्य बैंकहरूले स्थायी तरलता सुविधा अन्तर्गत कुल रू ३८ अर्ब २२ करोड उपयोग गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूले कुल रू ४६ अर्ब ९७ करोड स्थायी तरलता सुविधा उपयोग गरेका थिए । त्यस्तै, समीक्षा अवधिमा वाणिज्य बैंकहरूबीचको अन्तर बैंक कारोवार कुल रू १४६ अर्ब ७६ करोड रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा कुल रू १६८ अर्ब १४ करोड अन्तर बैंक कारोवार भएको थियो । उच्च विप्रेषण आप्रवाहको कारणले गर्दा वाणिज्य बैंकहरूसँग यथेष्ट तरलता रहेकोले समीक्षा अवधिमा अन्तरबैक कारोवार तथा स्थायी तरलता सुविधाको उपयोगमा केही कमी आएको हो ।

### अल्पकालीन व्याजदर

१५. आर्थिक वर्ष २०६५/६६ को पुस महिनामा ९१ दिने ट्रेजरी विल्सको मासिक भारित औसत व्याजदर ४.३२ प्रतिशत रह्यो । अघिल्लो वर्षको यसै महिनामा सो ऋणपत्रको मासिक भारित औसत व्याजदर ३.८६ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष भारित औसत मासिक अन्तर बैंक व्याजदर ४.९३ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ३.३७ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरूबीचको प्रतिस्पर्धाको कारण समीक्षा अवधिमा यथेष्ट तरलताको स्थिति रहेपनि वाणिज्य बैंकहरूले बचत निक्षेपमा प्रदान गर्ने अधिकतम व्याजदर २५ आधार विन्दुले बढी पुस महिनामा ७.० प्रतिशतमा पुगेको छ ।

## धितोपत्र बजार

१६. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क ३१.२ प्रतिशतले घटेर २०६५ पुस मसान्तमा ६५९.८१ विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६४ पुस मसान्तमा ९५८.९१ थियो । २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६५ पुस मसान्तमा १७३.११ रहेको छ । यो सूचकांङ्क २०६४ पुस मसान्तमा २४८.७७ रहेको थियो ।

१७. नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवारलाई वजार मूल्यको आधारको रुपमा लिई गणना गरिएको NEPSE Float Index २०६५ पुस मसान्तमा ६४.७३ रहेको छ ।

१८. २०६५ पुस मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा १९.९ प्रतिशतले वृद्धि भई रु.३६१ अर्ब ९२ करोड पुगेको छ । सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् । जसअनुसार बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ६९.६ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.१ प्रतिशत, होटलहरुको १.३ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.३ प्रतिशत, जलविद्युतको ४.९ प्रतिशत र अन्यको २१.८

प्रतिशत अंश रहेको छ ।

१९. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि १०१.६ प्रतिशत रही २०६५ पुस मसान्तमा रु.४८ अर्ब २० करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । यस आर्थिक वर्षको पुस मसान्तसम्ममा रु. ५६ करोड १६ लाख बोनस शेयर, रु. ५ अर्ब ५१ करोड हकप्रद शेयर, रु. १५ अर्ब ६९ करोड साधारण शेयर र रु. ३ अर्ब ३० करोड बराबरको ऋणपत्र (Bond) गरी जम्मा रु. २५ अर्ब ७ करोड बराबरको धितोपत्र रकम सूचीकृत भएको छ । उक्त वृद्धि रकममध्ये सबभन्दा ठूलो हिस्सा साधारण शेयरको रहेको र त्यसमध्ये सर्वाधिक रकम नेपाल टेलिकमको शेयरको अंश रहेको छ ।

२०. २०६५ पुस मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.३९ प्रतिशत रहेको छ । यस्तो अनुपात २०६४ पुस मसान्तमा १.०० प्रतिशत रहेको थियो ।

२१. २०६५ पुस मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १४९ वटा रहेको छ । २०६४ पुस मसान्तमा यो संख्या १४५ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये ११८ वटा वित्तीय संस्था (बिमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

२२. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६४ पुस मसान्तमा १९५.७ रहेकोमा २०६५ पुस मसान्तमा १२८.२ रहेको छ ।

### मुद्रास्फीति

#### उपभोक्ता मुद्रास्फीति

२३. आर्थिक वर्ष २०६५।६६ को छ महिनासम्ममा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति १४.४ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति ५.८ प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १८.३ प्रतिशतले र गैरखाद्य तथा सेवा समूह १०.३ प्रतिशतले वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो वर्षको भन्दा समीक्षा अवधिमा अधिक रहेको छ । अघिल्लो वर्ष यी समूहहरुको मूल्य वृद्धि क्रमशः ७.३ प्रतिशत र ४.२ प्रतिशत रहेको थियो ।

२४. २०६५ पुसमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये चिनी तथा चिनीजन्य वस्तुको मूल्य वृद्धि सबैभन्दा बढी ३७.३ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस उपसमूहको मूल्यमा १४.२ प्रतिशले ह्रास आएको थियो । यसैगरी दलहन र खाने घ्यू तथा तेलको मूल्य क्रमशः २५.६ प्रतिशत र २५.० प्रतिशतले वृद्धि भएको छ । २०६४ पुसमा यी उपसमूहहरुको मूल्यवृद्धि क्रमशः १५.० प्रतिशत र १२.६ प्रतिशत रहेको थियो । साथै, खाद्यान्न उपसमूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि १६.५ प्रतिशत रहेको छ । २०६४ पुसमा यस उपसमूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि ११.३ प्रतिशत रहेको थियो । यस समूहमा पर्ने अन्य उपसमूहहरुमध्ये माछा, मासु तथा फुल र रेष्टुरेण्टको खानाको वार्षिक बिन्दुगत मूल्य क्रमशः २२.५ प्रतिशत र २१.५ प्रतिशतले वृद्धि भएको छ ।  अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धि क्रमशः ६.१ प्रतिशत र ५.७ प्रतिशत रहेको थियो ।

२५. ३. २०६५ पुसमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये यातायात तथा सञ्चार उपसमूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि २०.७ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो वृद्धि ०.५ प्रतिशत रहेको थियो । यसै गरी सुर्ती तथा सुर्तीजन्य वस्तुको

वार्षिक बिन्दुगत मूल्यवृद्धि १५.१ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो वृद्धि ७.५ प्रतिशत रहेको थियो ।

२६. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा काठमाडौंमा सबैभन्दा बढी १५.८ प्रतिशत मूल्य वृद्धि भएको छ भने पहाडमा १४.२ प्रतिशत र तराईमा १३.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ५.३ प्रतिशत, ५.६ प्रतिशत र ६.० प्रतिशत रहेको थियो ।

२७. २०६५ पुसमा वार्षिक बिन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) १३.२ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सो मुद्रास्फीति ४.७ प्रतिशत रहेको थियो ।

**थोक मुद्रास्फीति**

२८. राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक बिन्दुगत वृद्धिदर २०६४ पुसमा ५.५ प्रतिशत रहेकोमा २०६५ पुसमा १४.७ प्रतिशत रहेको छ । समीक्षा अवधिमा थोक मूल्यअन्तर्गतका कृषिजन्य वस्तु, आयातीत वस्तु र स्वदेशी उत्पादित वस्तुहरुको मूल्य क्रमश. १७.० प्रतिशत, १३.० प्रतिशत र ११.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य क्रमशः ४.० प्रतिशत, ७.२ प्रतिशत र ५.९ प्रतिशतले वृद्धि भएको थियो ।

२९. कृषिजन्य वस्तुहरुमध्ये अघिल्लो वर्षको पुसमा १०.२ प्रतिशतले ह्रास भएको फलफूल तथा तरकारीको वार्षिक बिन्दुगत मूल्य समीक्षा अवधिमा सबैभन्दा बढी ३३.२ प्रतिशतले बढेको छ । यसैगरी, पशुजन्य आहारको वार्षिक बिन्दुगत मूल्य वृद्धि २७.९ प्रतिशत र दलहनको २०.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको वार्षिक मूल्यवृद्धि क्रमशः ३.६ प्रतिशत र ९.४ प्रतिशत रहेको थियो । २०६४ पुसमा नगदे वालीको मूल्य २४.८ प्रतिशतले बृद्धि भएकोमा समीक्षा अवधिमा ७.७ प्रतिशतले ह्रास भएको छ ।

३०. २०६५ पुसमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये निर्माण सामग्रीको मूल्य १२.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धि ७.४ प्रतिशत रहेको थियो । यसैगरी आयातीत वस्तुहरुमध्ये २०६५ पुसमा यातायात तथा मेशिनरी वस्तुहरुको मूल्य सबैभन्दा बढी २२.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मूल्य वृद्धि ३.७ प्रतिशत रहेको थियो । साथै २०६४ पुसमा ४.३ प्रतिशतले ह्रास भएको कपडाको वार्षिक बिन्दुगत मूल्य समीक्षा अवधिमा २१.७ प्रतिशतले वृद्धि भएको छ ।

**राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क**

३१. २०६५ पुस महिनामा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क १५.४ प्रतिशतले वृद्धि भएको छ । २०६४ पुसमा सो सूचकाङ्क ९.१ प्रतिशतले बढेको थियो । २०६५ असोजदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा वृद्धि भएकोले यस अवधिमा तलव तथा ज्यालादर सूचकाङ्कमा बढी चाप परेको हो । तलब तथा ज्यालादरमध्ये तलब उपसूचकाङ्क समीक्षा अवधिमा १२.६ प्रतिशतले वृद्धि भएको छ । यस्तो उपसूचकाङ्क अघिल्लो वर्षको यसै अवधिमा १०.९ प्रतिशतले बढेको थियो । ज्यालादर उपसूचकाङ्क समीक्षा अवधिमा १६.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा यो सूचकाङ्क ८.५ प्रतिशतले बेढेको थियो । २०६५ पुसमा ज्यालादरअन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २२.७ प्रतिशत, ७.१ प्रतिशत र १५.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो सूचकाङ्क क्रमशः ६.५ प्रतिशत, ११.१ प्रतिशत र १०.४ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति

### सरकारी बजेट घाटा/ बचत स्थिति

३२. आर्थिक वर्ष २०६५/६६ को पहिलो छ महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु ७ अर्ब ४२ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष सरकारी बजेट रु.३ अर्ब २६ करोडले घाटामा रहेको थियो। समीक्षा अवधिमा सरकारको राजस्व र वैदेशिक अनुदानमा उल्लेख्य वृद्धि भएको कारण सरकारको बजेट बचतमा रहेको हो।

### सरकारी खर्च

३३. आर्थिक वर्ष २०६५/६६ को पहिलो छ महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा १२.३ प्रतिशतले वृद्धि भई रु.६५ अर्ब ४६ करोड पुगेको छ। अघिल्लो वर्षको यसै अवधिमा सरकारी खर्च ३०.२ प्रतिशतले बढेको थियो। चालू तथा पूँजीगत दुवै खर्चको वृद्धिदरमा कमी आएकोले समीक्षा अवधिमा कुल सरकारी खर्चको वृद्धिदरमा अघिल्लो वर्षको तुलनामा कमी आएको हो।

३४. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च १३.१ प्रतिशतले वृद्धि भई २०६५ पुस मसान्तमा रु.४३ अर्ब २४ करोड पुगेको छ। अघिल्लो वर्ष सोही अवधिमा चालू खर्च २१.८ प्रतिशतले बढेको थियो।

३५. समीक्षा अवधिमा नेपाल सरकारको पूँजीगत खर्च २३.४ प्रतिशतले घटी रु.७ अर्ब ८८ करोडमा झरेको छ। अघिल्लो वर्ष पूँजीगत खर्चमा ६६.३ प्रतिशतले वृद्धि भएको थियो। विशिष्ट राजनैतिक परिस्थितिका कारण आर्थिक वर्ष २०६५ । ६६ का लागि सरकारको नीति तथा कार्यक्रम आउनमा केही ढिलाई हुनगएको कारण सरकारी निर्माणसम्बन्धी ठेक्कापट्टाका कामहरु ढिलो हुनगएको एवं स्थानीय सरकारको अनुपस्थितिको कारण पूँजीगत खर्चमा कमी आएको हो।

## सरकारी राजस्व

३६. आर्थिक वर्ष २०६५/६६ को पहिलो छ महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन २५.५ प्रतिशतले वृद्धि भई रु.५९ अर्ब ४८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा राजस्व २५.४ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर, आयकर राजस्व, रजिष्ट्रेशन शुल्कवापत प्राप्त हुने राजस्वलगायत गैरकर राजस्वमा समेत विस्तार आएकोले समीक्षा अवधिमा राजस्वको परिचालनमा वृद्धि भएको हो।

३७. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व १४.९ प्रतिशतले वृद्धि भई रू. १७ अर्ब १५ करोड पुगेको छ। अघिल्लो वर्षको यसै अवधिमा सो वृद्धिदर १८.८ प्रतिशत रहेको थियो। विप्रेषण आयमा भएको वृद्धिसँगै बढ्दो आयात तथा उपभोगमा भएको वृद्धि र मूल्य अभिवृद्धि कर प्रशासनमा भएका सुधारहरुको कारण समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वमा वृद्धि भएको हो।

३८. आर्थिक वर्ष २०६५/६६ को पहिलो छ महिनासम्ममा नेपाल सरकारको भन्सार महसूलबाट प्राप्त हुने राजस्व १४.८ प्रतिशतले वृद्धि भई रू. ११ अर्ब ११ करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व २३.७ प्रतिशतले वृद्धि भएको थियो। भन्सार प्रशासनमा गरिएका सुधारहरु र उच्च भन्सार दर लाग्ने सवारी साधनहरू तथा पार्टपुर्जाको आयातमा वृद्धिका कारण भन्सार राजस्वमा वृद्धि भएको हो।

३९. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व ३३.२ प्रतिशतले वृद्धि भई रू. ६ अर्ब ६० करोड पुगेको छ। अघिल्लो वर्ष पनि सो राजस्व ३१.१ प्रतिशतले वृद्धि भएको थियो। अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु र उच्च अन्तःशुल्क लाग्ने हल्का

सवारी साधनहरुको आयातमा उल्लेख्य वृद्धि भएको कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्व बढेको हो ।

४०. समीक्षा अवधिमा  सरकारको आयकर राजस्व ३४.६ प्रतिशतले वृद्धि भई रू.११ अर्ब ३० करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व ३९.८ प्रतिशतले मात्र वृद्धि भएको थियो। अर्थतन्त्रमा कर्पोरेट संस्कृतिमा विस्तार आएकोले समीक्षा अवधिमा आयकर राजस्वमा विस्तार आएको हो ।

४१. आर्थिक वर्ष २०६५/६६ को पहिलो छ महिनासम्ममा सरकारको गैरकर राजस्व ३१.२ प्रतिशतले वृद्धि भई रु. ९ अर्ब ४९ करोड पुगेको छ । अघिल्लो वर्ष गैरकर राजस्व १६.७ प्रतिशतले बढेको थियो । सरकारी संस्थानहरुबाट सरकारलाई लाभांशबापत् उल्लेख्य रकम प्राप्त भएको कारणले समीक्षा अवधिमा गैरकर राजस्वको वृद्धिदर उच्च रहेको हो ।

**वैदेशिक नगद ऋण र अनुदान**

४२. आर्थिक वर्ष २०६५/६६  को पहिलो छ महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु २ अर्व ७९ करोड र वैदेशिक नगद अनुदानवापत् रु.१०अर्व ९६ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष ती शीर्षकहरुमा क्रमशः रु.२ अर्व ३६ करोड  र रु.५ अर्व २२ करोड प्राप्त भएको थियो ।

४३. समीक्षा अवधिमा नेपाल सरकारले रु ८ अर्व ७० करोड बराबरको आन्तरिक ऋण परिचालन गरेको छ ।

## वैदेशिक व्यापार

४४. आर्थिक वर्ष २०६५/६६ को पहिलो छ महिनासम्ममा कुल निर्यात १८.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात ३.२ प्रतिशतले घटेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात मात्र ०.९ प्रतिशतले बढेको छ भने अन्य मुलुकतर्फको निर्यात ५५.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष भारततर्फको निर्यात ७.४ प्रतिशतले घटेको थियो भने अन्य मुलुकतर्फको निर्यात ७.१ प्रतिशतले बढेको थियो ।

४५. भारततर्फ मुख्यतयाः तयारी पोशाक, जी.आई. पाइप, जुत्ता तथा चप्पल, टुथपेष्ट तथा खयर एवं अन्य मुलुकतर्फ विशेषगरी दाल, ऊनी गलैंचा, पश्मिना, तयारी पोशाक र जडीबुटीको  निर्यातमा उल्लेख्य वृद्धि आएको कारण कुल निर्यात बढेको हो ।

४६. अघिल्लो वर्षको पहिलो छ महिनासम्ममा १४.२ प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा २३.६ प्रतिशतले बढेको छ । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष १६.६ प्रतिशतले बढेकोमा यस वर्ष १०.९ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष १०.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४४.२ प्रतिशतले वृद्धि भएको छ ।

४७. आर्थिक वर्ष २०६५/६६ को पहिलो छ महिनासम्ममा भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, सवारी साधन तथा पाटपुर्जा, कोल्ड रोल्ड शीट इन्क्वाइल, अन्य मेशिनरी तथा पाटपुर्जा र औषधी एवं अन्य मुलुकबाट विशेषगरी सुन, विद्युतीय सामग्री, एम.एस विलेट, अन्य मेशिनरी तथा पाटपुर्जा र कम्प्युटर तथा पाटपुर्जाको आयातमा उल्लेख्य वृद्धि आएको छ ।

**शोधनान्तर**

४८. आर्थिक वर्ष २०६५/६६ को पहिलो छ महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. २८ अर्ब ५३ करोडले बचतमा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रु. १ अर्ब ९५ करोडले घाटामा रहेको थियो । समीक्षा अवधिमा चालू खाता रु. १६ अर्ब ७३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु.

१० अर्ब ९१ करोडले घाटामा रहेको थियो । खुद ट्रान्सफर आय ५९.९ प्रतिशतले बढेको कारण समीक्षा अवधिमा चालू खातामा यस्तो बचत सृजना भएको हो । ट्रान्सफरअन्तर्गत समीक्षा अवधिमा विप्रेषण आप्रवाह ६५.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १८.२ प्रतिशतले बढेको थियो ।

**विदेशी विनिमय सञ्चिति**

४९. २०६५ पुस मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६५ असार मसान्तको तुलनामा १९.७ प्रतिशतले बढी रु. २५४ अर्ब ४९ करोड पुगेको छ । आर्थिक वर्ष २०६४/६५ को सोही अवधिमा यस्तो सञ्चिति ०.२ प्रतिशतले घटेको थियो । अमेरिकी डलरमा भने २०६५ असारदेखि पुस मसान्तसम्ममा कुल सञ्चिति ५.५ प्रतिशतले बढी अमेरिकी डलर ३ अर्ब २७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा २.९ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६५।६६ को पहिलो छ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ११.४ महिनाको वस्तु आयात र ९.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति**

५०. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६४ पुस मसान्तमा प्रति व्यारल अमेरिकी डलर ९३.९७ रहेकोमा २०६५ पुस मसान्तमा ५३.९ प्रतिशतले घटी प्रति व्यारल अमेरिकी डलर ४३.३१ रहेको छ । त्यसैगरी सुनको मूल्य २०६४ पुस मसान्तको तुलनामा २०६५ पुस मसान्तमा ८.४ प्रतिशतले घटी प्रति आउन्स अमेरिकी डलर ९०२.०० बाट अमेरिकी डलर ८२६.५० मा झरेको छ ।

५१. २०६५ असार मसान्तको तुलनामा २०६५ पुस मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ११.९ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.१ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६५ असार मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ६८.५० रहेको थियो भने २०६५ पुस मसान्तमा उक्त विनिमय दर रु. ७७.७५ पुगेको छ ।